# कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

प्रधानमन्त्री रोजगार कार्यक्रम

२०७६ कार्तिक

# कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६

स्वीकृत मितिः २०७६/०७/२४

स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १९ को उपदफा (३) बमोजिम कामका लागि पारिश्रमिक ढाँचामा रोजगार आयोजना सञ्चालन गर्न रोजगारीको हकसम्बन्धी ऐन, २०७५ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले रोजगारीको हकसम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ।

(ख) "निर्देशिका" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ सम्झनु पर्दछ।

(ग) "नियमावली" भन्नाले रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ सम्झनु पर्दछ।

(घ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्दछ।

(ङ) "समुदाय" भन्नाले टोल, गाउँ वा वस्तीस्तरमा बसोबास गर्ने व्यक्तिहरुको समूह वा समाजलाई सम्झनु पर्दछ।

(च) "समुदाय स्तरको आयोजना" भन्नाले समुदायस्तरमा सञ्चालन हुने श्रमप्रधान सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनालाई सम्झनु पर्दछ।

## परिच्छेद २

## आयोजनाको ढाँचा र क्षेत्र

३. **आयोजनाको ढाँचा:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन निर्देशिकाको दफा १९ को उपदफा (३) बमोजिम देहायका ढाँचामा आयोजना सञ्चालन गर्न सक्नेछन्:

(क) **सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनामार्फत रोजगारी सिर्जना:** सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिक (Cash for Work) मा आधारित समुदायस्तरको आयोजना सञ्चालन ।

(ख) **सार्वजनिक पूर्वाधार मर्मत सम्भारमार्फत रोजगारी सिर्जना:** (१) स्थानीय तह भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिक (Cash for Work) मा आधारित आयोजना सञ्चालन ।

(ग) **अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्था:** बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत भएका अपाङ्गता भएको कुनै पनि व्यक्तिका लागि रोजगारीको हकको सुनिश्चित गर्न स्थानीय तहले देहाय बमोजिमको विशेष व्यवस्था गर्न सक्नेछ:

(अ) शारीरिक अवस्था र शैक्षिक योग्यताका आधारमा उपयुक्त रोजगारीका अवसर उपलब्ध भए त्यस्तो रोजगारीमा निजलाई प्राथमिकता दिई खटाउन,

(आ) निजको व्यवसाय प्रस्तावपत्र (Business Proposal) सहितको निवेदनका आधारमा बढीमा तीन महिनाको निःशुल्क स्वरोजगारमूलक व्यवसायिक तथा सीप विकास तालिम दिने व्यवस्था गरी सहुलियतपूर्ण ऋणका लागि सम्बन्धित निकायमा सिफारिस र सहजीकरण गर्न, वा

(इ) निर्देशिकाको दफा ८६ बमोजिमको लक्षित वर्गको लागि विशेष व्यवस्था अन्तर्गतको सुविधा उपलब्ध गराउन मन्त्रालयमा सिफारिस गर्न ।

४. **कार्यस्थलमा आधारित तालिम:** (१) सूचिकृत बेरोजगार व्यक्तिहरुलाई दफा ३ को देहाय (क) र (ख) बमोजिमका आयोजनामा रोजगारीमा खटाउँदा खटिएको आयोजनामा काम गरिरहँदाकै बखत उनीहरुमा कामसंग सम्बन्धित सीप एवं क्षमता विकास गर्न कार्यस्थलमा आधारित तालिम प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यस्थलमा आधारित तालिम दिइएको अवधिलाई रोजगारी दिनकै रुपमा गणना गरी श्रमिकलाई सो अवधिको समेत ज्याला उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यस्थलमा आधारित तालिम सञ्चालन सम्बन्धमा मन्त्रालयले छुट्टै कार्यविधि बनाई लागू गर्नेछ ।

**५. <u>आयोजना सञ्चालनका क्षेत्र</u>:** यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछ:

(क) सडक निर्माण तथा मर्मत सम्भार :-

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई :-

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी :-

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसरफाई :-

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

(ङ) शिक्षा :-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार :-

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन :-

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण

- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

## परिच्छेद ३

## आयोजना छनौट प्रक्रिया

६. **आयोजना छनौटः** (१) स्थानीय तहले यस कार्यक्रमका लागि आयोजना छनौट गर्दा वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका आयोजनाहरुको सूचीबाट एउटा आयोजनाको लागत रु. पच्चिस लाख भन्दा बढी नहुने गरी छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका आयोजना उपलब्ध नभएको वा उपलब्ध आयोजना सम्बन्धित स्थानीय तहमा सूचिकृत सबै बेरोजगार व्यक्तिलाई एकसय दिनको न्यूनतम रोजगारी उपलब्ध गराउन पर्याप्त नभएको अवस्थामा स्थानीय तहले वडा समितिहरुलाई एउटा आयोजनाको लागत रु. दश लाख भन्दा बढी नहुने गरी दफा ५ बमोजिमका क्षेत्रभित्र पर्ने आयोजना पहिचान गरी सिफारिस सहित पठाउन माग गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम आयोजना माग भएकोमा वडा समितिले देहायका प्रकृतिका आयोजना पहिचान गरी सिफारिस गर्नु पर्नेछः

(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,

(ख) उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,

(घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने, र

(ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुऱ्याउने ।

(४) स्थानीय तहले सूचिकृत सबै बेरोजगार व्यक्तिलाई न्यूनतम एकसय दिनको रोजगारी प्रदान गर्न उपदफा (१) बमोजिम छनौट गरिएका आयोजना बाहेक आवश्यक पर्ने अन्य आयोजना उपदफा (२) बमोजिम वडा समितिबाट सिफारिस भई आएका आयोजनामध्येबाट देहायका आधारहरुको कुल अंकभारका आधारमा प्राथमिकताक्रम निर्धारण गरी क्रमशः छनौट गर्नुपर्नेछः

(क) रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचिकृत सम्बन्धित वडाभित्र रहेका बेरोजगार व्यक्तिको संख्या बापत ८० प्रतिशत अंकभार

$$\text{वास्तविक भार} = \frac{\text{सम्बन्धित वडामा रहेका सूचिकृत बेरोजगार व्यक्तिको संख्या}}{\text{सबैभन्दा बढी सूचिकृत बेरोजगार हुने वडाको बेरोजगार व्यक्तिको संख्या}} \times ८०$$

(ख) सम्बन्धित वडामा प्रस्ताव गरिएको आयोजनाकै प्रकृतिका विकास निर्माणका अन्य कामको अवस्था बापत १० प्रतिशत अंकभार (नभएको भए १० अंक, भएको तर पर्याप्त नभएको भए ५ अंक र पर्याप्त भएको भए ० अंक)।

(ग) यस कार्यक्रम अन्तर्गत सो वडाका लागि अरु आयोजना (उपदफा (१) बमोजिम समेत) छनौटमा परेको वा नपरेको अवस्था बापत १० प्रतिशत अंकभार (नपरेको भए १० अंक, एउटा देखि तीनवटा सम्म परेको भए क्रमशः ८, ५ र १ अंक तथा चारवटा वा सो भन्दा बढी परेको भए ० अंक)।

(५) स्थानीय तहले आयोजना छनौट गर्दा यस कार्यक्रमबाट उपदफा (१) र (२) बमोजिमको सीमाभित्र रही विनियोजन हुने रकम श्रमिकको ज्यालामा मात्र भुक्तानी गर्ने गरी आफ्नो वा अन्य कुनै श्रोतबाट थप रकम व्यवस्था गरेर उपदफा (१) र (२) मा तोकिए भन्दा बढी लागतका आयोजना समेत प्रस्ताव गर्न सक्नेछन् । स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउँदा यस्ता आयोजनालाई प्राथमिकता दिइनेछ ।

(६) उपदफा (५) बमोजिमका आयोजनाहरुको हकमा दफा ७ को उपदफा (३) को खण्ड (ग) बमोजिम खर्च प्रस्ताव गर्दा श्रमिकको ज्याला वापतको रकम आयोजनाको कुल लागतको सत्तरी प्रतिशत भन्दा कम हुने गरी प्रस्ताव गर्न समेत सकिनेछ ।

७. **स्थानीय तहले आयोजना प्रस्ताव गर्नु पर्ने** (१) स्थानीय तहले दफा ६ को उपदफा (१) र (४) बमोजिम छनौट भएका आयोजनाहरुको अनुसूची - १ बमोजिमको छुट्टा छुट्टै आयोजना प्रस्ताव तयार पारी मन्त्रालयले तोकेको स्यादभित्र पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयमा आयोजना प्रस्ताव पठाउँदा स्थानीय तहले दफा ६ को उपदफा (१) र (४) बमोजिम छनौट भएका आयोजनाको लागत अनुमानमा दफा ६ को उपदफा (३) र यसै दफाको उपदफा (३) को खण्ड (घ) बमोजिमका व्यवस्था अनुसार आवश्यक संशोधन गरी पठाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम मन्त्रालयमा प्रस्ताव गरी पठाइएका आयोजनामा देहायका शर्तहरु पुरा भएको हुनु पर्नेछः

(क) **श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेः** आयोजनाको कार्यान्वयनमा श्रममूलक प्रविधिको मात्र प्रयोग हुने गरी आयोजनाको प्रस्ताव गर्नु पर्नेछ । लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन व्वाइलर जस्ता हेभि मेशीनहरु प्रयोग गर्ने गरी आयोजना प्रस्ताव गर्न पाईने छैन ।

(ख) **लागत अनुमान स्वीकृत भएको हुनुपर्नेः** सम्बन्धित स्थानीय तहले प्राविधिक कर्मचारीबाट आयोजनाको लागत अनुमान (आवश्यकता अनुसार ड्रईङ्ग डिजाइन सहित) र साको आधारमा अनुसूची १ बमोजिमको फाराम तयार गर्न लगाई स्वीकृत गरेको हुनु पर्नेछ ।

(ग) **न्यूनतम सत्तरी प्रतिशत रकम ज्यालामा खर्च हुनुपर्नेः** प्राविधिकले लागत अनुमान तयार गर्दा आयोजनाको कुल अनुमानित लागतको कम्तिमा सत्तरी प्रतिशत रकम श्रमिकको ज्यालमा खर्च हुने गरी देहाय बमोजिमको सीमाभित्र रही खर्चको प्रस्ताव गर्नु पर्नेछः

| **क्र.सं.** | **खर्चको क्षेत्र** | **खर्च सीमा (कूल अनुमानित लागतको)** |
|---|---|---|
| १. | श्रमिकको ज्याला भुक्तानी | न्यूनतम ७० प्रतिशत |
| २. | निर्माण सामाग्री खरिद | अधिकतम २५ प्रतिशत |
| ३. | कामका लागि आवश्यक हाते औजार खरिद | अधिकतम ३ प्रतिशत |
| ४. | श्रमिकका लागि कार्यस्थल सुरक्षा सामाग्री खरिद | अधिकतम २ प्रतिशत |
| ५. | कन्टिन्जेन्सी खर्च | अधिकतम १ प्रतिशत |

(घ) **अन्य श्रोतबाट थप निर्माण सामग्री खरिद गर्न सक्नेः** स्थानीय तहले यस कार्यक्रबाट विनियोजित बजेटभन्दा बाहेकको आफ्नै वा अन्य कुनै स्रोतबाट खर्च व्यहोर्ने गरी आयोजनाको कुल अनुमानित लागतको २५ प्रतिशत भन्दा बढी रकमको निर्माण सामाग्री खरिद गर्ने गरी आयोजना प्रस्ताव गर्न भने सक्नेछ । यस्ता आयोजनामा निर्माण सामाग्री खरिद गर्न स्थानीय तहले थप गरे बराबरको रकम आयोजना लागतमा दफा ६ को उपदफा (१) र (२) ले तोकेको सीमा भन्दा बढी हुन सक्नेछ ।

(ङ) **प्राविधिकको सिफारिस बमोजिम मात्र सुरक्षा सामग्री खरिद गर्नुपर्नेः** श्रमिकका लागि कार्यस्थल सुरक्षा सामाग्रीको खरिद गर्दा प्राविधिकले अनुसूची १ बमोजिमको फाराममा उक्त आयोजनामा काम गर्दा श्रमिकको सुरक्षामा जोखिम हुने भनी स्पष्ट उल्लेख गरी सुरक्षा सावधानीका लागि प्रयोग गर्न सिफारिस गरेका सामाग्रीहरु लागत इष्टिमेटमा तोकिएको अनुमानित लागतको सीमाभित्र रहेर मात्र खरिद गर्नु पर्नेछ ।

**८. मन्त्रालयले आयोजनाको प्राथमिकिकरण गर्नेः** मन्त्रालयले स्थानीय तहबाट दफा ७ को उपदफा (१) र (२) बमोजिम प्रस्ताव भई आएका आयोजनाहरुको देहाय बमोजिमका आधारहरुको कुल अंकभारका आधारमा पुनः प्राथमिकीकरण गरी उपदफा (१) बमोजिम विनियोजित बजेटले कार्यान्वयन गर्न सक्ने संख्याका आयोजना यसै कार्यविधि बमोजिम कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तहलाई बजेट सहित हस्तान्तरण गर्नेछः

(क) सम्बन्धित स्थानीय तहले तोकेको प्राथमिकताक्रम बापत ५० प्रतिशत अंकभार

$$\text{वास्तविक भार} = \frac{\text{आयोजनाको प्राथमिकताक्रम अनुसार कूल आयोजनाको घट्दो क्रम संख्या}}{\text{कूल आयोजना संख्या}} \times ५०$$

*(नोट: आयोजनाको प्राथमिकताक्रम अनुसार कुल आयोजना संख्याको घट्दो क्रम निर्धारण गर्दा पहिलो प्राथमिकताको आयोजनाका लागि कुल आयोजना संख्यालाई पहिलो क्रमसंख्या मानी सोबाट अन्तिम प्राथमिकताक्रमको आयोजनासम्म क्रमश: घट्दो क्रमसंख्या निर्धारण गर्नुपर्नेछ । जस्तै कुनै स्थानीय तहबाट ३ वटा आयोजना प्रस्ताव भएमा क्रमश: पहिलो प्राथामिकताको आयोजनाका लागि ३, दोस्रो प्राथमिकताको आयोजनाका लागि २ र तेस्रो प्राथमिकताको आयोजनाका लागि १ क्रमसंख्या निर्धारण गर्नुपर्नेछ ।)*

(ख) दफा ७ को उपदफा (२) बमोजिम प्रस्ताव गरिएका आयोजना बापत १५ प्रतिशत अंकभार

(ग) आयोजनाको कुल लागतको तुलनामा श्रमिकको ज्यालामा खर्च हुने रकमको प्रतिशत बापत २५ प्रतिशत अंकभार

$$\text{वास्तविक भार} = \frac{\text{कुल लागतको तुलनामा ज्यालाका लागि प्रस्तावित रकमको प्रतिशत}}{१००} \times २५$$

(घ) आयोजनाको प्रकृति बापत १० प्रतिशत अंकभार (अनुसूची २ बमोजिमका आधारमा)

## परिच्छेद ४

## आयोजना कार्यान्वयन प्रक्रिया

९. **बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाउने**: (१) स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउँदा आयोजनाको स्वीकृत लागत अनुमान बमोजिम उपलब्ध रोजगारीका अवसरमा एक व्यक्तिलाई एक सय दिन रोजगारी प्रदान गर्ने गरी आवश्यक संख्याका श्रमिकलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा उपलब्ध बेरोजगार व्यक्तिको सूचीको प्राथमिकताक्रम अनुसार क्रमश: खटाउनु पर्नेछ ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम श्रमिकलाई रोजगारीमा खटाउनु पूर्व निर्देशिकाको अनुसूची २ बमोजिमको लाभग्राही परिचयपत्र उपलब्ध गराउने र निर्देशिकको दफा १८ को उपदफा (५) बमोजिम बैंक खाता खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१०. <u>आयोजना स्थलः</u>** यस कार्यक्रम अन्तर्गतको एउटा आयोजना सम्भव भएसम्म एउटा वडाभित्र मात्रै सञ्चालन गर्नु पर्नेछ । यदि सो सम्भव नभएको अवस्थामा एउटै आयोजना सोही स्थानीय तहभित्रका दुई वा दुईभन्दा बढी वडामा सञ्चालन गर्न समेत सकिनेछ ।

**११. <u>काम वापतको पारिश्रमिक</u>**: यस कार्यविधि बमोजिम रोजगारीमा खटिएका श्रमिकहरुको पारिश्रमिक दर निर्देशिकाको दफा २७ ले व्यवस्था गरे बमोजिम हुनेछ ।

तर, स्थानीय तहबाट यस कार्यक्रमको प्रयोजनका लागि मात्र छुट्टै पारिश्रमिक दर निर्धारण गर्न भने पाइने छैन ।

**१२. <u>रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्थाः</u>** (१) यस कार्यविधि बमोजिम रु. एक लाख भन्दा बढी लागतको आयोजना सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले आयोजनागत रुपमा खटाइएका श्रमिकहरुमध्येबाट एक जना अध्यक्ष, एकजना सचिव र एकजना कोषाध्यक्ष सहित सात सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(२) रोजगार उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना र अन्य सदस्यहरुमध्ये कम्तिमा २ जना महिला हुनु पर्नेछ ।

(३) देहायको योग्यता भएको व्यक्ति रोजगार उपभोक्ता समितिमा रहन सक्नेछ :

(क) कुनै फौजदारी अभियोग नलागेको,

(ख) सरकारी नगद तथा जिन्सी मासेको वा सरकारी सम्पत्ति हिनामिना गरेको वा सरकारी पेश्की बेरुजू रहेको नभएको,

(ग) कुनै पनि राजनीतिक दलको कार्यकारी पदमा नरहेको,

(घ) निजको परिवारको अन्य कोही सदस्य सोही समितिमा नरहेको ।

(४) रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा हुनु पर्नेछ । यदि आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा भएको श्रमिक उपलब्ध नभएमा सम्बन्धित स्थानीय तहका वडाहरुमध्ये आयोजना सञ्चालन हुने वडाबाट सबैभन्दा नजिक रहेको वडाको स्थायी वासिन्दा भएको श्रमिकमध्येबाट रोजगार उपभोक्ता समितिको पदाधिकारीमा छनौट गर्नु पर्नेछ ।

(५) रोजगार उपभोक्ता समितिका पदाधिकारीको पदावधी आयोजना अवधिभर मात्र रहनेछ ।

(६) रोजगार उपभोक्ता समितिका पदाधिकारीहरुले समेत अन्य श्रमिकहरु सरह नै काम गर्नु पर्नेछ । उनीहरुले समितिको पदाधिकारी भएकै कारणले काम गरे बापतको ज्याला बाहेक अन्य कुनै पनि सुविधा प्राप्त गर्ने छैनन् ।

(७) सम्बन्धित स्थानीय तहले आयोजनामा खटिएका श्रमिकहरुलाई रोजगार उपभोक्ता समिति गठनका लागि सहमतिमा अध्यक्ष र अन्य पदाधिकारीहरुको नाम प्रस्ताव गर्न तीन दिनको समय दिनु पर्नेछ । सो समयभित्र सहमति कायम हुन नसकेमा सम्बन्धित स्थानीय तहले नै अध्यक्ष र अन्य पदाधिकारी तोकी रोजगार उपभोक्ता समिति गठनको निर्णय गर्न सक्नेछ ।

**१३. रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) स्थानीय तहसँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन गर्ने गराउने,

(ख) श्रमिकहरुको हाजिरी अभिलेख राख्ने वा राख्न लगाउने,

(ग) प्राविधिकलाई आयोजनाको प्रतिवेदन तयार पार्न आवश्यक सूचना दिने र सहजीकरण गर्ने,

(घ) श्रमिकले रोजगारी गरेको दिनको हिसाव गरी स्थानीय तहबाट सो बराबरको रकम सिधै श्रमिकहरुको बैंक खातामा निकासा गराउन सहजिकरण गर्ने ।

तर, निर्देशिकाको दफा २८ को उपदफा (२) बमोजिम बैंक खाता मार्फत भुक्तानी गर्न सम्भव नभएको विशेष अवस्थामा श्रमिकको पारिश्रमिक स्थानीय तहबाटै श्रमिकलाई भरपाई गराई नगदै वितरण गर्ने व्यवस्था मिलाउन आवश्यक सहजीकरण गर्ने ।

**१४. श्रमिकहरुको समूह गठन गरी काममा लगाउनु पर्नेः** रोजगार उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा निर्देशिकाको दफा २५ बमोजिमको श्रमिक समूह गठन गरी श्रमिकहरुलाई सोही दफा बमोजिम काममा लगाउनु पर्नेछ ।

**१५. बैंक खाता सञ्चालन सम्बन्धमाः** (१) रोजगार उपभोक्ता समितिले श्रमिकको ज्याला वापतको रकम बाहेक अन्य रकमको खर्च व्यवस्थापन गर्न आफ्नो नाममा बैंक खाता सञ्चालन गर्नु पर्नेछ ।

(२) बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) यस कार्यविधि बमोजिमका आयोजनाहरुमा हुने सबै भुक्तानी बैंक मार्फत हुनेछ ।

(४) रोजगार उपभोक्ता समितिले प्रचलित नियम बमोजिम कारोबारको लेखा दुरुस्त राख्नु पर्नेछ ।

**१६. निर्माण सामग्री खरिदः** रोजगार उपभोक्ता समितिले रोजगार आयोजना सञ्चालन गर्दा आवश्यक पर्ने निर्माण सामाग्रीहरु दफा ७ को उपदफा (३) को खण्ड (ख) बमोजिम स्वीकृत लागत अनुमान अनुसार खरिद गर्नु पर्नेछ ।

**१७. निर्देशन तथा समन्वयः** (१) यस कार्यविधि बमोजिम संचालन हुने आयोजनालाई निर्देशन र आवश्यकता अनुसार अनुगमन तथा समन्वय नियमावलीको नियम १४ बमोजिमको स्थानीय निर्देशक समितिले गर्नेछ ।

(२) स्थानीय तहभित्र सञ्चालन भएका रोजगार आयोजनाहरुको अनुगमन, समन्वय र सहजीकरणको जिम्मेवारी सम्बन्धित गाउँकार्यपालिका तथा नगरकार्यपालिकाको हुनेछ ।

(३) वडाभित्र सञ्चालन हुने रोजगार आयोजनाको सहजीकरण, समन्वय, अनुगमन र निर्देशन सम्बन्धित वडा समितिले गर्नेछ ।

**१८. आयोजनाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः** (१) आयोजनाको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन निर्देशिकाको दफा ७३ बमोजिम नियमित रुपमा गर्नु पर्नेछ ।

(२) आयोजनाको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन स्थानीय तहले तोकेको प्राविधिक कर्मचारीले गर्नु पर्नेछ ।

## परिच्छेद ५

## बजेट व्यवस्थापन

**१९. बजेट हस्तान्तरणका आधारः** (१) स्थानीय तहले दफा ७ बमोजिम प्रस्ताव गरी पठाएका आयोजनाहरुको संचालनका लागि मन्त्रालयले स्थानीय तहहरुलाई देहायको सूत्रका आधारमा सशर्त अनुदान हस्तान्तरण गर्नेछः

$$\text{स्थानीय तहले प्राप्त गर्ने सशर्त अनुदान रकम} = \frac{\text{हस्तान्तरण गर्ने कूल बजेट रकम}}{\text{देशभरीको कूल बेरोजगार व्यक्तिको संख्या}} \times \text{सम्बन्धित स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिको संख्या}$$

(२) यस कार्यविधि बमोजिम स्थानीय तहलाई सशर्त अनुदान हस्तान्तरण गर्न आवश्यक पर्ने सूचना तथा तथ्यांङ्क रोजगार व्यवस्थापन सूचना प्रणालीमार्फत प्राप्त गरिनेछ ।

तर, रोजगार व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा आउनुपूर्व वा कार्यान्वयनमा आएपछि पनि कुनै प्राविधिक कारणले कुनै स्थानीय तहमा यसको प्रयोग हुन नसकेको अवस्थामा मन्त्रालयले सम्बन्धित स्थानीय तहबाट कम्तिमा पन्ध्र दिनको समय दिई आवश्यक सूचना माग गर्न सक्नेछ ।

(३) स्थानीय तहले उपदफा (१) बमोजिम प्राप्त भएको बजेटको संचालन छुट्टै हिसाव देखिने गरी गर्नुपर्नेछ । यस्तो बजेट कार्यविधिले उल्लेख गरेको विषयमा बाहेक अन्यत्र खर्च गर्न पाइनेछैन ।

२०. **सामाग्रीको खरिद**: (१) यस कार्यविधि अन्तरर्गत सञ्चालन हुने रोजगार आयोजनामा आवश्यक पर्ने निर्माण सामाग्री, ज्यावल तथा औजारहरु र श्रमिकको सुरक्षा सामाग्रीहरु सम्बन्धित आयोजनाको रोजगार उपभोक्ता समितिले अनुसूची २ बमोजिमको स्वीकृत फारामका आधारमा खरिद गर्न सक्नेछ ।

२१. **श्रमिकको ज्याला भुक्तानी**: (१) स्थानीय तहले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ ।

(२) रोजगार उपभोक्ता समितिको अध्यक्ष वा निजले तोकेको अवस्थामा सचिवले प्रत्येक श्रमिकको लाभग्राही परिचयपत्रको पृष्ठ भागमा रहेको हाजिरी तालिका प्रमाणीत गरी आयोजना सम्पन्न भएपछि सबै परिचयपत्र संकलन गरेर प्रमाणित हाजिरीका आधारमा अनुसूची ३ बमोजिमको श्रमिकको हाजिरी रेकर्ड तथा भुक्तानीको विवरण तयार गरी रोजगार सेवा केन्द्रमा उपलब्ध गराउनु पर्नेछ । रोजगार संयोजकले उक्त विवरण सात दिन भित्र रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

(३) रोजगार सेवा केन्द्रले रोजगार आयोजनाहरुको प्रगति प्रतिवेदन निर्देशिकाको दफा ७३ अनुसार रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ ।

(४) श्रमिकको दैनिक उपस्थितिको अभिलेख अनुसार स्थानीय तहले निर्देशिकाको दफा २७ को उपदफा (२) अनुसार श्रमिकको ज्याला भुक्तानी गर्नु पर्नेछ । यदि प्राविधिक मूल्याङ्कनबाट इष्टिमेट अनुसारको कार्यप्रगति भएको नदेखिएमा सम्पन्न भएको कार्य बराबरको आंशिक भुक्तानी दिन सकिनेछ ।

**२२ खर्च व्यवस्थापन प्रक्रिया**: (१) रोजगार आयोजना सञ्चालन गर्दा स्थानीय तहले सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रहेर गर्नु पर्नेछ ।

(२) आफूले प्राप्त गरेको रकमको अनुशासित र पारदर्शी रुपमा खर्च गर्ने तथा स्रेस्ता व्यवस्थापन गर्ने र खर्चको प्रतिवेदन सार्वजनिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

(३) स्थानीय तहले आन्तरिक तथा अन्तिम लेखापरिक्षण गराई सोको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद ६

## विविध

२३. **सार्वजनिक परीक्षण**: स्थानीय तहले श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

२४. **तेश्रो पक्षको संलग्नता**: रोजगार आयोजनाको सञ्चालन गर्ने क्रममा कुनै पनि काम ठेक्का मार्फत वा तेश्रो पक्ष नियुक्त गरी गर्न पाइने छैन ।

२५. **पारदर्शिता र उत्तरदायित्व**: रोजगार आयोजना सञ्चालन गर्दा निर्देशिकाको परिच्छेद १३ अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्नेछ ।

२६. **खर्चको विवरण अद्यावधिक गर्नुपर्ने**: रोजगार आयोजनाहरुको लागत तथा खर्च, श्रमिकको रोजगारीको दिन र भुक्तानीको अद्यावधिक विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गर्नु पर्नेछ ।

२७. **बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने**: मन्त्रालयले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा, अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न आवश्यक निर्णय गर्न सक्नेछ ।

२८. **अनुसूचीमा हेरफेर गर्न सक्ने :** मन्त्रालयले यस कार्यविधिको अनुसूचीहरुमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

२९. **खारेजी**: (१) यस अघि मन्त्रालयबाट मिति २०७६।०१।२२ मा स्वीकृत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ खारेज गरिएको छ ।

(२) उक्त कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची - १

### (दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

स्थानीय तहले न्यूनतम रोजगारी प्रदान गर्ने प्रयोजनका लागि आयोजना प्रस्तावको खाका

१. स्थानीय तहको नामः ................................................

२. माग गरिएको आयोजनाको नामः ................................................

३. आयोजना स्थलः ................................................

टोल/वस्तीको नामः .....................

वडा नं ....................

४. आयोजनाबाट अपेक्षित उपलब्धीः ................................................

................................................ ................................................

................................................ ................................................

................................................ ................................................

५. आयोजनाको ढाँचा (कार्यविधिको दफा (३) अनुसार) (*कुनै एकमा √ लगाउनुहोस्*)

(क) पूर्वाधार विकास (बुँदा नं. ६ मा जानुहोस्)

(ख) सार्वजनिक पूर्वाधार मर्मत सम्भार (*५.१ को विवरण उल्लेख गर्नुहोस्*)

(ग) अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्था (*५.२ को विवरण उल्लेख गर्नुहोस*)

५.१ पूर्वाधारको वर्तमान अवस्था

..................... ................................. ......................... ...........

..................... ................................. ......................... ...........

..................... ................................... ........................... ...........

मर्मत सम्भार गर्नुपर्ने कारणः

..................... ................................... ........................... ...........

..................... ................................... ........................... ...........

५.२ अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगारीमा खटाउने प्रकृया

..................... ................................... ........................... ...........

..................... ................................... ........................... ...........

..................... ................................... ........................... ...........

५.३ स्वरोजगारमूलक सीप तथा क्षमता अभिबृद्धि सम्बन्धि कृयाकलाप भएमा तालिम पश्चातको रोजगारी/स्वरोजगारीको योजना उल्लेख गर्नुहोस् :

..................... ................................... ........................... ...........

..................... ................................... ........................... ...........

..................... ................................... ........................... ...........

६. आयोजनाको लागत अनुमान :

(क) लागत अनुमानको विवरण

| विवरण | लागत | | कूल रकम | कूल लागतको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| | प्र.म.रो.का. | अन्य श्रोत | | | |
| श्रमिक ज्याला | | | | | |
| स्थानीय निर्माण सामाग्री | | | | | |
| वाह्य निर्माण सामाग्री | | | | | |
| निर्माण औजार खरिद | | | | | |
| कार्यस्थल सुरक्षा सामाग्री खरिद | | | | | |
| अन्य ......................... | | | | | |
| जम्मा | | | | | |

(ख) श्रमिकको कार्यस्थल सुरक्षा जोखिमः (अ) रहेको (आ) नरहेको *(बुँदा नं. ७ मा जानुहोस्)*

(ग) जोखिम रहेको भए जोखिमको प्रकृतिः ..................... ..... .... ... ... .. .. .
................................................................. ...... ........................ ...

(घ) जोखिम न्यूनीकरण गर्न अवलम्बन गर्नु पर्ने उपायहरुः .............. .. .. ...........
................................................................. ...... ........................ ...

................................................................. ...... ........................ ...

(ङ) श्रमिकले प्रयोग गर्नै पर्ने आधारभूत सुरक्षा सामाग्रीहरुको विवरणः

| क्र.सं. | सुरक्षा सामाग्रीको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(च) आयोजनाको प्रकृति र सो वापतको अङ्क : ......... (अनुसूची १ बमोजिमको आधारमा)

७. आयोजनाको लागि खरिद गर्नु पर्ने वाह्य सामाग्रीको विवरण

| क्र.सं. | वाह्य सामाग्रीको विवरण | संख्या | दर | कूल रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | जम्मा | |

८. आयोजनाको लागि खरिद गर्नु पर्ने निर्माण औजारहरुको विवरण

| क्र.सं. | औजारको विवरण | संख्या | दर | कूल रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | जम्मा | |

९. आयोजना सञ्चालन प्रकृया

(क) उपभोक्ता समिति मार्फत (ख) अमानतबाट

१०. आयोजनाबाट सिर्जना हुने रोजगारी दिन :

| | |
|---|---|
| दक्ष कामदारः | ..................... श्रमिक दिन |
| अर्धदक्ष कामदारः | ..................... श्रमिक दिन |
| अदक्ष कामदार | ..................... श्रमिक दिन |
| कूल रोजगारी दिन | ..................... श्रमिक दिन |

११. आयोजनाको प्रकृति

(क) सालवसाली (ख) बहुवर्षीय (ग) अन्य ..................

१२. आयोजना स्थानीय कार्यपालिकाबाट स्वीकृत भएको मितिः ........................

| | |
|---|---|
| रोजगार संयोजक | प्रमुख प्रशासकीय अधिकृत |
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मिति |

द्रष्टब्यः स्थानीय तहले प्रत्येक आयोजनाको लागि यो नमूना अनुसारको छुट्टाछुट्टै प्रस्ताव पेश गर्नु पर्नेछ ।

# अनुसूची - २

## (दफा ८ को (घ) सँग सम्बन्धित)

आयोजनाको प्रकृति अनुसार मूल्याङ्कन गर्ने प्रयोजनका लागि

| क.सं. | आयोजना | अङ्क |
|---|---|---|
| १ | स्थानीय तहभित्रका वस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण | १० |
| २ | स्थानीय तहभित्रका वस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक मर्मत सम्भार | ९ |
| ३ | राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण | ७ |
| ४ | राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको मर्मत | ६ |
| ५ | सिंचाईका लागि कुलो तथा पैनीको निर्माण | १० |
| ६ | सिंचाईका लागि कुलो तथा पैनीको मर्मत सम्भार | ८ |
| ७ | पोखरी तथा पानीको मुल संरक्षण एवं मर्मत सम्भार | ७ |
| ८ | कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डार निर्माण तथा मर्मत सम्भार | ८ |
| ९ | कृषि तथा पशुपन्छीजन्य उत्पादनको विक्री वितरणका लागि आवश्यक पर्ने शीत भण्डार निर्माण तथा मर्मत | ७ |
| १० | हाट बजार तथा तरकारी संकलन केन्द्रको निर्माण तथा मर्मत | ६ |
| ११ | खानेपानी आयोजनाहरुको निर्माण तथा विस्तार | १० |
| १२ | खानेपानी आयोजनाहरुको मर्मत | ८ |
| १३ | स्वास्थ्य चौकी तथा प्रसुति गृहको निर्माण तथा मर्मत | १० |
| १४ | सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार | ८ |
| १५ | फोहोर व्यवस्थापन पूर्वाधारको निर्माण तथा मर्मत सम्भार | ८ |
| १६ | विद्यालय भवन तथा विद्यालय परिसरमा शौचालय निर्माण | १० |
| १७ | विद्यालयको खेल मैदान निर्माण | ८ |
| १८ | विद्यालयको कम्पाउण्ड निर्माण तथा मर्मत सम्भार | ६ |
| १९ | फलफुलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण | ६ |
| २० | पहिरो तथा नदि नियन्त्रण | १० |
| २१ | साना बाँध निर्माण | १० |
| २२ | पदमार्ग निर्माण | ७ |
| २३ | पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण | ६ |
| २४ | उच्च महत्वका प्रसिद्ध पर्यटकिय स्थलको मर्मत सम्भार तथा संरक्षण | ६ |

## अनुसूची - ३

**(दफा २१ को उपदफा (२) सँग सम्बन्धित)**

प्रधानमन्त्री रोजगार कार्यक्रम

............. रोजगार उपभोक्ता समिति

.................. गाउँ/नगरपालिका, वडा नं. ..................

### श्रमिकको हाजिरी रेकर्ड तथा भुक्तानीको विवरण

आयोजनाको नामः ..................................... मिति ......................... देखि ...................... सम्म

| क.सं. | श्रमिकको नाम, थर | संकेत नं. | काम गरेको दिन | | | | | जम्मा काम गरेको दिन | दर | जम्मा पाउने रकम | भुक्तानीको विवरण | भुक्तानीको माध्यम | भुक्तानी दिनेको सहि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

दैनिक हाजिरी राख्नेको नाम र दस्तखत

जाँच्नेको नाम र हस्ताक्षर

हाजिरी स्वीकृत गर्नेको नाम र हस्ताक्षर

जम्मा भुक्तानी रकमः ...........................

भुक्तानी दिनेको नाम र दस्तखत

प्रमाणित गर्ने वडा अध्यक्षको नाम र हस्ताक्षर